# अनुसन्धान, नवप्रवर्तन तथा विकास केन्द्र
# सञ्चालन कार्यविधि, २०८०

कार्यकारी परिषद्‌द्वारा स्वीकृत
मिति २०८०।०८।२०
पहिलो संशोधन मिति २०८१।०३।२४

अनुसन्धान तथा अन्वेषणको माध्यमबाट विश्वविद्यालय शिक्षालाई उत्कृष्ट र जीवनोपयोगी बनाइ देशको विकास र उन्नतिमा टेवा पुऱ्याउन सुदूरपश्चिम विश्वविद्यालय अनुसन्धान, नवप्रवर्तन तथा विकास केन्द्र (Research, Innovation and Development Center) को उद्देश्य अनुसार अनुसन्धान, नवप्रवर्तन तथा विकास सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले सुदूरपश्चिम विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासनिक नियमावली २०६७ को नियम १८९ ले दिएको अधिकार प्रयोग गरी सुदूरपश्चिम विश्वविद्यालय कार्यकारी परिषद्‌ले यो कार्यविधि बनाइ लागु गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

### १.१ संक्षिप्त नाम र प्रारम्भ

(क) यो कार्यविधिको नाम "अनुसन्धान, नवप्रवर्तन तथा विकास केन्द्र सञ्चालन कार्यविधि, २०८०" रहेको छ।

(ख) यो कार्यविधि सुदूरपश्चिम विश्वविद्यालय कार्यकारी परिषद्‌बाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

### १.२ परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "विश्वविद्यालय" भन्नाले सुदूरपश्चिम विश्वविद्यालयलाई सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले सुदूरपश्चिम विश्व विद्यालय ऐन २०६७ लाई सम्झनु पर्छ।

(ग) "नियम" भन्नाले विश्वविद्यालयको प्रचलित नियमलाई सम्झनु पर्छ।

(घ) "निर्देशक" भन्नाले सुदूरपश्चिम विश्वविद्यालय अनुसन्धान, नवप्रवर्तन तथा विकास केन्द्रको निर्देशकलाई सम्झनु पर्छ।

(ङ) "कार्यकारी परिषद" भन्नाले सुदूरपश्चिम विश्वविद्यालय कार्यकारी परिषद्‌लाई सम्झनु पर्छ।

(च) "अनुसन्धान समूह" भन्नाले अनुसन्धान परियोजनाको सङ्कलक, मुख्य अनुसन्धानकर्ता, सहायक अनुसन्धानकर्ता र अनुसन्धानकर्ताको समूहलाई सम्झनु पर्छ।

(छ) "केन्द्र" भन्नाले सुदूरपश्चिम विश्वविद्यालयको संगठन तथा शैक्षिक प्रशासन नियमावलीको २०६७ मा व्यवस्था भए बमोजिमको अनुसन्धान, नवप्रवर्तन तथा विकास केन्द्रलाई सम्झनु पर्छ।

(ज) "अनुसन्धान परिषद्" भन्नाले सुदूरपश्चिम विश्वविद्यालय संगठन र शैक्षिक प्रशासन नियमावली २०६९ को ८१ (२) मा गठित कार्य समितिलाई सम्झनु पर्छ।



Scanned with CamScanner

(झ) "शिक्षक" भन्नाले सुदूरपश्चिम विश्वविद्यालयमा कार्यरत पूर्णकालीन शिक्षकलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## केन्द्रका उद्देश्य र प्राथमिकताहरू

### २.१ केन्द्रका उद्देश्यहरू

(क) विश्वविद्यालयका विभिन्न संकाय, केन्द्र र सम्बन्धित क्षेत्रको समग्र विकासका लागि उक्त क्षेत्रहरूमा एकीकृत र विस्तृत अनुसन्धान गर्ने गराउने ।

(ख) विश्वविद्यालयको उद्देश्य प्राप्तिका लागि दीर्घकालीन र अल्पकालीन योजनाहरूको तर्जुमा गरी कार्यान्वयन गर्ने ।

(ग) अनुसन्धान योजनाहरू प्रभावकारी रुपमा कार्यान्वयन भए नभएको मूल्याङ्कन र अनुगमन गर्ने ।

(घ) अनुसन्धान, नवप्रवर्तन र विकासका बृहत् क्षेत्रहरू पहिचान गरी उक्त क्षेत्रमा देखिएका समस्याहरू समाधान गर्न उपयुक्त रणनीति तयार गरी लागु गर्ने ।

(ङ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विश्वविद्यालयका तर्फबाट विशिष्टीकृत, अत्याधुनिक र उच्चस्तरको अनुसन्धान सेवाको सुनिश्चितता गर्ने ।

(च) अनुसन्धानमा संलग्न विभिन्न संकाय, केन्द्र र विभागलाई आवश्यक निर्देशन दिने र उनीहरूले गर्ने अनुसन्धान नवप्रवर्तन र विकास कार्यमा प्रभावकारिता ल्याउन आवश्यक कार्यहरू गर्ने ।

(छ) अनुसन्धान केन्द्र र सो अन्तर्गतका निकायहरूको कार्यको मूल्याङ्कन, अनुगमन र सुपरीवेक्षण गर्ने ।

(ज) सरकार र सम्बन्धित निकायहरूबाट प्राप्त अनुदान रकमको परिचालन गरी नीति निर्माण र अनुसन्धान, नवप्रवर्तन तथा विकास कार्यलाई अन्तरसम्बन्धित गर्दै परियोजना सञ्चालन गर्ने ।

(ञ) संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारहरूसँग समन्वय गरी परियोजना सञ्चालन गर्नका लागि आवश्यक पर्ने अनुसन्धान, नवप्रवर्तन तथा विकास सम्बन्धी कार्यहरू सञ्चालन गर्ने ।

(ट) राष्ट्रिय तथा अन्तराष्ट्रिय विश्वविद्यालय तथा अनुसन्धान केन्द्रसँग सहकार्य गरी अध्ययन अनुसन्धान गर्ने ।

### २.२ केन्द्रका प्राथमिकताहरू

अनुसन्धान, नवप्रवर्तन तथा विकास केन्द्रका प्राथमिकता क्षेत्रहरू निम्न प्रकार हुनेछन् र यस केन्द्रले आवश्यकता अनुसार थप प्राथमिकताका क्षेत्रहरू पहिचान गरी कार्य गर्न सक्ने छ :

(क) शिक्षा, स्वास्थ्य र वातावरणीय सन्तुलन

(ख) प्राकृतिक श्रोत व्यवस्थापन र भूस्थितिक नक्साङ्कन

(ग) गरिबी न्यूनीकरण र जनसंख्या व्यवस्थापन

(घ) जैविक विविधता, खाद्य संकट, जलवायु परिवर्तन र विपद् व्यवस्थापन

(ङ) सुशासन, राजश्व तथा वित्तीय व्यवस्थापन

(च) राष्ट्रिय सुरक्षा र अन्तर्राष्ट्रिय सम्बन्ध

(छ) पूर्वाधार विकास र योजना निर्माण

(ज) उर्जा, कृषि, पर्यटन र उद्यमशीलता

(झ) विज्ञान, प्रविधि तथा इन्जिनियरिङको अन्वेषण, विकास र प्रयोग



Scanned with CamScanner

(ञ) कला साहित्य भाषा र संस्कृतिको विकास

(ट) नवप्रवर्तनात्मक कार्यको खोज र प्रयोग

(ठ) विकासात्मक कार्यको पहिचान र कार्यान्वयन

(ड) श्रम आप्रवासन, बसाई सराई तथा सहरीकरण

(ढ) सामाजिक परिवर्तन, समाज परिचालन तथा सामाजिक कार्य

(ण) पाठ्यक्रम, शिक्षण विधि र मूल्याङ्कन प्रणाली

## परिच्छेद ३
## अनुसन्धान कोष, परियोजना तथा कार्यक्रमहरू

### ३.१ अनुसन्धान परियोजनाहरू

सुदूरपश्चिम विश्वविद्यालय अनुसन्धान, नवप्रवर्तन तथा विकास केन्द्रले विश्वविद्यालयको आवश्यकता एवम् संघीय, प्रदेश र स्थानीय सरकार तथा अन्य निकायको आवश्यकताका आधारमा परियोजनाहरू सञ्चालन गर्नेछ। साथै विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरूसँग सहकार्य गरी सहकार्यात्मक अनुसन्धान परियोजनाहरू अनुसन्धान कोषको रकमबाट सञ्चालन गरिने छन् भने अन्य परियोजनाहरू सम्वन्धित निकायबाट प्राप्त रकमबाट सञ्चालन हुनेछन्। यसमा समावेश गरिने अनुसन्धान परियोजनाहरू निम्न प्रकार हुनेछन्।

**(क) लघु अनुसन्धान (Mini Research)**

विश्वविद्यालयका विभिन्न संकाय, विभाग, अनुसन्धान केन्द्र तथा क्याम्पसमा कार्यरत शिक्षक तथा प्रशासनिक कर्मचारीहरूलाई अनुसन्धान कार्यमा संलग्न गराएर विश्वविद्यालयको शिक्षण र अनुसन्धान कार्यको क्षेत्रमा दक्षता हासिल गराउने उद्देश्यले यो अनुसन्धान सञ्चालन गरिने छ। यो अनुसन्धान व्यक्तिगत वा समूहमा सञ्चालन हुनेछ। समूहमा सञ्चालन हुने अनुसन्धानमा स्नातकोत्तर तहमा शोधप्रबन्ध (Dessertation/Project work) तयार गर्नु पर्ने विद्यार्थी समेत संलग्न गर्न सकिनेछ। विश्वविद्यालयबाट गरिने प्रत्येक लघु अनुसन्धानका लागि रु ५०,००० (पचास हजार) प्रदान गरिने छ भने यसको अवधि ६ महिना हुनेछ। यो अनुसन्धानका लागि निर्धारित कोटा अनुसन्धान केन्द्रको निर्णयद्वारा गरिने छ र यसमा शिक्षकहरू तथा कर्मचारीहरू समावेश हुने छन्।

**लघुअनुसन्धानका लागि न्यूनतम योग्यता**

(अ) स्नातकोत्तर उपाधि प्राप्त गरेको पूर्णकालीन (स्थायी वा करार) शिक्षक वा कर्मचारी,

(आ) पूर्णकालीन शिक्षक वा कर्मचारीको रुपमा एक बर्ष सेवा अवधि पुगेको,

**(ख) फ्याकल्टी अनुसन्धान (Faculty Research)**

विश्वविद्यालयमा कार्यरत शिक्षककहरूको अनुसन्धान, नवप्रवर्तन र विकास कार्यमा पहुँच बढाउँदै विश्वविद्यालयमा अनुसन्धान सँस्कृतिको विकास गर्न र विश्वविद्यालयका अनुसन्धनकर्ताहरूको अनुसन्धान स्तर अभिवृद्धि गर्न यसको उपयोग गरिनेछ। यस अनुसन्धानको समूहमा विश्वविद्यालयका कम्तीमा दुई जना संकाय सदस्य र सम्बन्धित विषयको एक जना स्नातकोत्तर वा स्नातक तहमा अध्ययनरत विद्यार्थीलाई समावेश गर्न सकिनेछ। विश्वविद्यालयबाट सञ्चालन हुने यस अनुसन्धानको अवधि ८ महिना र अनुदान रकम रु ८०,००० (असी हजार) हुनेछ। यो अनुसन्धानका लागि अनुसन्धानको कोटा अनुसन्धान केन्द्रले निर्धारण गरे बमोजिम हुनेछ।



Scanned with CamScanner

**फ्याकल्टी अनुसन्धानका लागि न्यूनतम योग्यता**

(अ) सुदूरपश्चिम विश्वविद्यालयको पूर्णकालीन शिक्षकको रुपमा कार्यरत शिक्षक,

(आ) प्रमुख अनुसन्धानकर्ता शोधप्रबन्ध सहितको स्नातकोत्तर र समकक्षी समिक्षित (Peer Reviewed) जर्नलमा कम्तिमा एक मौलिक शोधलेख प्रकाशन गरेको र सहअनुसन्धानकर्ता स्नातकोत्तर उपाधि प्राप्त,

(इ) प्रमुख अनुसन्धानकर्ता पूर्णकालीन शिक्षकको रुपमा एक वर्ष सेवा अवधि पुगेको,

(ई) सेवा अवधि नपुगेका शिक्षकले सहअनुसन्धानकर्ताको रुपमा कार्य गर्न पाउने ।

**(ग) सहकार्यात्मक अनुसन्धान (Collaborative Research)**

सहकार्यात्मक अनुसन्धान सुदूरपश्चिम विश्वविद्यालयमा कार्यरत शिक्षकहरूले विद्यार्थीहरूलाई समेत समावेश गरी अनुसन्धान तथा अन्वेषण गराउने प्रयोजनमा उपयोग गरिने छ । यसको प्रमुख उद्देश्य विश्वविद्यालयमा अनुसन्धान संस्कृतिको विकास गर्नु र राष्ट्रिय प्राथमिकताका क्षेत्रमा ठूला अनुसन्धान परियोजना सञ्चालन गरी शिक्षणलाई अनुसन्धानसँग आबद्ध गर्नु हो । यो अनुसन्धान विश्वविद्यालयका एकै वा विभिन्न संस्थाका शोधकर्ताको सहकार्यमा सञ्चालन गरिनेछ । यसमा कम्तीमा दुई जना फ्याकल्टी र सम्भव भएसम्म दुई जना विद्यार्थी (एक जना अनिवार्य) अध्ययनरत विद्यार्थीहरू समावेश हुने छन् । यो अनुसन्धानको रकम रु २,००,००० (दुई लाख) रहेको छ भने यसको अवधि एक वर्ष हुनेछ । यो अनुसन्धान आवश्यकता अनुसार सञ्चालन गरिने छ ।

**सहकार्यात्मक अनुसन्धानका लागि न्यूनतम योग्यता**

(अ) पूर्णकालीन शिक्षकको रुपमा कार्यरत,

(आ) प्रथम अनुसन्धानकर्ता विद्यावारिधि उपाधि प्राप्त र कम्तीमा एक वर्ष स्थायी रुपमा कार्य गरेको र सूचीकृत (Indexed Journal) जर्नलमा कम्तिमा दुईवटा वा समकक्षी समिक्षित जर्नलमा चारवटा मौलिक शोधलेख प्रकाशन गरेको,

(इ) सहशोधकर्ता कम्तीमा एक वर्ष पूर्णकालीन सेवा अवधि पुगेको र उपरोक्त जर्नलमा एक मौलिक शोधलेख प्रकाशन गरेको ।

**(घ) नवप्रवर्तनात्मक अनुसन्धान (Innovative Research)**

यो अनुसन्धान सुदूरपश्चिम विश्वविद्यालय अन्तर्गतको अनुसन्धान केन्द्रले प्रदान गर्नेछ । यो अनुसन्धान राष्ट्रिय महत्वका विषयमा नवप्रवर्तनात्मक, प्राविधिक तथा वैज्ञानिक क्षेत्रमा सञ्चालन गरिने छ । यो अनुसन्धान विषयसँग सम्वन्धित केन्द्रीय विभागसँग समन्वय गरी सञ्चालन गर्न सकिनेछ । जनशक्ति अभाव भएको अवस्थामा विश्वविद्यालयका सेवानिवृत्त प्राध्यापकलाई पनि यसमा समावेश गरिने छ । विश्वविद्यालयले सञ्चालन गर्ने परियोजनाको रकम रु २,५०,००० (दुई लाख पचास हजार) हुनेछ भने यसको अवधि १.५ वर्ष हुनेछ । यो अनुसन्धान आवश्यकता अनुसार सूचना प्रकाशन गरी सञ्चालन गरिने छ ।

**नवप्रवर्तन अनुसन्धानका लागि न्यूनतम योग्यता**

(अ) यो अनुसन्धानमा उत्कृष्ट ज्ञानसीप भएका विद्यावारिधि उपाधि प्राप्त शिक्षकहरू समावेश हुने छन् ।

(आ) प्रमुख अनुसन्धानकर्ता विद्यावारिधि उपाधि प्राप्त र सूचीकृत (Indexed Journal) जर्नलमा कम्तिमा दुईवटा वा समकक्षी समिक्षित जर्नलमा चारवटा मौलिक शोधलेख प्रकाशन गरेको,

(इ) प्रमुख अनुसन्धानकर्ता पूर्णकालीन शिक्षकको रुपमा एक वर्ष सेवा अवधि पुगेको,



Scanned with CamScanner

(ई) सेवा अवधि नपुगेका शिक्षकले सहअनुसन्धानकर्ताको रुपमा कार्य गर्न सक्नेछ ।

**३.२ अनुसन्धान, नवप्रवर्तन तथा विकास केन्द्रका अन्य कार्यहरू**

अनुसन्धान, अन्वेषण तथा विकास केन्द्रले निम्न कार्यहरू पनि सञ्चालन गर्नेछ ।

**(क) शोधप्रबन्ध अनुदान (Thesis/Dissertation Grant)**

शोध प्रबन्ध अनुदान कार्यक्रम स्नातकोत्तर, एमफिल् तथा विद्यावारिधि तहमा अनुसन्धान गर्ने प्रत्येक संकायका उत्कृष्ट दुई जना विद्यार्थीहरूलाई प्रदान गरिनेछ । यो अनुदानका लागि सम्बन्धित डिन कार्यालयले शोधपत्रको शीर्षक र उद्देश्य, साहित्य पुनरावलोकन, तथ्यांक विश्लेषण र निष्कर्षको आधारमा मूल्याङ्कन गरी नाम सिफारिस गर्नेछ । यसमा स्नातकोत्तर तहका लागि रु २० हजार, एम फिलका लागि ३० हजार र विद्यावारिधि अनुसन्धानका लागि रु ५० हजार रकम प्रदान गरिनेछ ।

**(ख) जर्नल प्रकाशन**

यस केन्द्रले Far Western Review नामक जर्नल प्रकाशन गर्नेछ । यो जर्नल सुदूरपश्चिम विश्वविद्यालयले प्रकाशन गर्ने बहुविधागत समकक्षी समिक्षित अर्धवार्षिक जर्नल हुनेछ । अनुसन्धान, नवप्रवर्तन तथा विकास केन्द्रले सुदूरपश्चिम विश्वविद्यालयको Journal मा विभिन्न अनुसन्धानकर्ताका नवीनतम खोजमूलक (Innovative) अनुसन्धान लेख प्रकाशन गर्ने छ । यो Journal अर्धवार्षिक रुपमा प्रकाशन गरिनेछ । आवश्यकता अनुसार अन्य विशेष अङ्क पनि प्रकाशन गर्न सकिनेछ ।

**(ग) गोष्ठी तथा सेमिनार (Symposium and Seminar)**

अनुसन्धान, नवप्रवर्तन तथा विकास केन्द्रले विश्वविद्यालयका अध्ययन अनुसन्धानकर्तालाई कुशल र अनुसन्धान कार्यलाई थप प्रभावशाली बनाउन विभिन्न समयमा संकाय, विभाग तथा क्याम्पसहरूसँग सहकार्य गर्दै अनुसन्धान गोष्ठी तथा सेमिनारको आयोजना गर्नेछ ।

**(घ) प्रशिक्षण र तालिम (Internship & Training)**

अनुसन्धान, नवप्रवर्तन तथा विकास केन्द्रले अनुसन्धान, अन्वेषण तथा प्राज्ञिक क्षेत्रमा प्रशिक्षण तथा तालिम प्रदान गर्ने कार्य पनि गर्ने छ । प्रशिक्षण र तालिमको सञ्चालन यस केन्द्रले आफै वा अन्य संस्थासँगको सहाकार्यमा सञ्चालन गर्नेछ ।

**(ङ) लेख प्रकाशन अनुदान (Article Publication Grant)**

यस अनुसन्धान केन्द्रले सुदूरपश्चिम विश्वविद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूलाई अनुसन्धानात्मक कार्यमा प्रोत्साहित गर्नका लागि लेख प्रकाशन अनुदान प्रदान गर्ने छ । यो अनुदान प्राप्त गर्नका लागि अनुसन्धानकर्ताले Ranked तथा मान्यता प्राप्त Impact Factor Journal मा लेख प्रकाशन गरेको हुनु पर्नेछ ।

**अनुदान प्राप्त गर्नका लागि न्युनतम योग्यताः**

(अ) अनुसन्धानकर्ताले लेखमा आवद्धतामा अनिवार्य रुपमा सुदूरपश्चिम विश्वविद्यालय उल्लेख गरेको हुनु पर्नेछ ।

(आ) अनुदान रकम Nature Index, $Q_1$, $Q_2$, $Q_3$ र $Q_4$ जर्नलमा प्रकाशित अनुसन्धान लेखका लागि क्रमशः रु. ५०,०००/-, रु. ४०,०००/-, रु. ३०,०००/-, रु. २०,०००/ र रु. १०,०००/ प्रदान गरिनेछ । समिक्षा लेख (Review Article) को हकमा उक्त रकम आधा हुनेछ ।



Scanned with CamScanner

(इ) अनुदान रकम First Author र Corresponding Author लाई एकमुष्ट रुपमा प्रदान गरिनेछ। Co-author भएमा Author को संख्याले भाग गर्दा हुन आउने रकम प्रदान गरिनेछ।

(उ) अनुदान रकम प्राप्त गर्न अनुसन्धानकर्ताले आफुले प्रकाशन गरेको लेखको प्रति, Rank of Impact factor खुलेको प्रमाण, र २० प्रतिशतभन्दा कम Plagiarism Report सहित तोकिएको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ ।

**(च) अन्तराष्ट्रिय सम्मेलन अनुदान (International Conference Grant)**

यस अनुसन्धान केन्द्रबाट सुदूरपश्चिम विश्वविद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूलाई अनुसन्धानात्मक कार्यमा प्रोत्साहित गर्नका लागि अन्तराष्ट्रिय सम्मेलनमा अनुसन्धानात्मक लेख प्रस्तुत गर्ने शिक्षक कर्मचारीलाई अनुदान प्रदान गरिने छ। यो अनुदान रकम भारतमा रु १०,००० (दश हजार), अन्य एशियाली मुलुकमा रु २०,००० (बिस हजार) र अन्य देशका लागि रु ३५००० (पैतिस हजार) प्रदान गरिने छ। उक्त सुविधा एक वर्षमा एक पटक मात्र उपलब्ध गराइने छ।

अन्तराष्ट्रिय सम्मेलन अनुदान रकम प्राप्त गर्नका लागि न्यूनतम योग्यताः

(अ) लेख स्वीकृति भएको प्रमाण

(आ) सम्मेलनको कार्य तालिका

(इ) सम्मेलनमा प्रस्तुतिकरण गर्दा विश्वविद्यालयको लोगो र नाम स्पष्टसँग राखेको फोटोहरू

(ई) बस, रेल टिकट वा बोर्डिङ पास

(उ) सम्मेलनमा भाग लिएको फोटो वा प्रमाण पत्र

**३.३. नवप्रवर्तन र विकासका कार्यक्रमहरू**

सुदूर पश्चिम विश्वविद्यालय अनुसन्धान, नवप्रवर्तन तथा विकास केन्द्रले निम्न नवप्रवर्तन तथा विकासका कार्यक्रमहरू पनि सञ्चालन गर्ने छः

(क) प्रविधिको नवप्रवर्तन र विकासका कार्यहरूको अन्वेषण गरी सञ्चालन गर्ने,

(ख) सूचना प्रविधिको खोज र हार्डवेयर, सोफ्टवेयरको अन्वेषण तथा विकासका परियोजनाहरू सञ्चालन गर्ने

(ग) उत्पादनका नयाँ प्रविधिको खोज, प्रयोग र विकासलाई प्रोत्साहित गर्ने परियोजनाहरू सञ्चालन गर्ने,

(घ) आधुनिक कृषि प्रणाली, बिउ उत्पादन तथा भण्डारण र बिरुवा प्रसारणका प्रविधिलाई प्रोत्साहित गर्ने,

(ङ) पर्यटकीय स्थलको पहिचान र विकासलाई प्रोत्साहित गरी आय र रोजगारी प्रवर्द्धनमा योगदान प्रदान गर्ने

(च) वन पैदावार र जडिबुटिका औषधि तथा नवीन उत्पादनहरू प्रोत्साहित गरी पेटेन्ट राइट लिने,

(छ) कला र संस्कृतिको पहिचान, विकास र निरन्तरता लागि आवश्यक परियोजनाहरू सञ्चालन गर्ने,

(ज) खाद्य पदार्थको खोज, हरियाली निर्माण, वातावरणीय स्वच्छताका नवप्रवर्तन र विकासका परियोजना सञ्चालन गर्ने

(झ) वैकल्पिक इन्धन, काम गर्ने ड्रोन, विद्युतीय साधनको नवप्रवर्तन र विकासका परियोजना सञ्चालन गर्ने

(ञ) सिचाइका विधि, श्रोत र साधनको अन्वेषण र विकास परियोजनाहरू सञ्चालन गर्ने।

(ट) पाठ्यक्रम, शिक्षण विधि र मूल्याङ्कन पद्धतिको सान्दर्भिकता क्षेत्रमा परियोजना सञ्चालन गर्ने



Scanned with CamScanner

## ३.४ विश्वविद्यालय अनुसन्धान कोषको व्यवस्था

सुदूरपश्चिम विश्वविद्यालयको अनुसन्धान, नवप्रवर्तन तथा विकास केन्द्रले अनुसन्धान परियोजना र अन्य कार्यहरू सञ्चालन गर्न अनुसन्धान कोषको व्यवस्था गर्ने छ । यस कोषमा देहायका रकमहरू समावेश हुने छन् ।

(क) अनुसन्धान कार्य सञ्चालन गर्न विश्वविद्यालयले प्रदान गरेका 'रकमहरू,

(ख) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारबाट अनुसन्धान कार्यका लागि प्रदान गरेका रकमहरू,

(ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघसंस्थाबाट प्राप्त रकमहरू,

(घ) व्यक्तिहरूबाट सहायता स्वरुप प्राप्त रकमहरू,

(ङ) विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त रकमहरू,

(च) अन्तर्राष्ट्रिय संस्थाहरूबाट प्राप्त रकमहरू,

(छ) विश्वविद्यालयलाई Endowment Fund बाट प्राप्त रकमहरू

# परिच्छेद ४
# परियोजना सञ्चालन प्रक्रिया

## ४.१ अनुसन्धान प्रस्ताव आह्वान गर्ने व्यवस्था

(क) अनुसन्धान कार्यक्रम सञ्चालनका लागि अनुसन्धान, नवप्रवर्तन तथा विकास केन्द्रले सूचना प्रकाशित गरी अनुसन्धान प्रस्तावको आह्वान गर्नेछ ।

(ख) विशेष परिस्थितिमा बाहेक यो आह्वान हरेक बर्षको साउन मसान्त सम्ममा गर्नेछ ।

(ग) अनुसन्धान प्रस्ताव पेश गर्नका लागि पहिलो पटक एक महिनाको समयावधि दिइनेछ । आवश्यक संख्यामा प्रस्ताव नपरेमा यो अवधिलाई १५ दिन थप गर्न सकिनेछ ।

## ४.२ अनुसन्धान प्रस्ताव मूल्याङ्कन तथा स्वीकृत गर्ने व्यवस्था

(क) अनुसन्धान केन्द्रलाई प्राप्त भएका अनुसन्धान प्रस्तावहरूलाई विशेषज्ञहरूद्वारा मूल्याङ्कन गराई स्वीकृत गरिनेछ ।

(ख) स्वीकृत भएका अनुसन्धान प्रस्तावका प्रस्तोताले तोकिएको समयमा प्रस्तावको मौखिक प्रस्तुतीकरण गर्नु पर्नेछ ।

(ग) स्वीकृत अनुसन्धान प्रस्तावका प्रस्तोताले तोकिएको समयभित्र केन्द्रमा सम्पर्क राख्न नआएमा निजको स्वीकृति रद्द गरी वैकल्पिक रुपमा रहेका अन्य अनुसन्धान प्रस्तावका प्रस्तोताहरूलाई अनुसन्धान कार्य सञ्चालन गर्न स्वीकृति प्रदान गर्न सकिनेछ ।

(घ) अनुसन्धान परियोजनाको अवधि कार्यविधिले तोके बमोजिम हुनेछ ।

अनुसन्धान प्रस्ताव मूल्यांकनका लागि १०० पूर्णाङ्क कायम गरएिको छ र यसको विभाजन प्रक्रिया निम्न प्रकार हुनेछ ।

(अ) विद्यावारिधि ५

(आ) स्नातकोत्तर तह १० (प्रथम, द्वितीय र तृतिय श्रेणीमा क्रमश: ५, ४ र ३ अंक)

(इ) प्रस्ताव (Proposal) ४०

- प्रस्तावको स्वरुप (Proposal Structure) ५

- उद्देश्यर परिकल्पना (Objectives and hypothesis) ५



सुदूरपश्चिम विश्वविद्यालय FAR WESTERN UNIVERSITY

Scanned with CamScanner

-विधि (Methodology) १०

-राष्ट्रिय प्राथमिकता र उपयुक्तता (National priority and appropriateness) ५

-सन्दर्भ सूची (References) ५

(ई) लेख प्रकाशन (Article Publication) १० [Peer reviewed and Ranked journal]

(उ) प्रस्तुतिकरण (Presentation) १०

**४.३. अनुसन्धान प्रतिवेदन बुझाउने व्यवस्था**

(क) अनुसन्धान परियोजना सम्पन्न गरी अन्तिम प्रतिवेदन तोकिएको समयभित्र अनुसन्धान केन्द्रमा बुझाई सक्नु पर्नेछ ।

(ख) समयभित्र अन्तिम प्रतिवेदन पेश गर्न नसक्नुको कारण जनाई अनुसन्धाताले समय थप गर्न निवेदन दिन आएमा अनुसन्धान प्रमुखलाई उपयुक्त लागेमा एक पटक वा पटक पटक गरी बढीमा छ महिनासम्मको लागि मात्र समय थप गर्न सक्नेछ । यसरी समय थप गरिएको कारणले चालु आर्थिक वर्ष व्यतीत भइ बजेट खारिज (Lapse) भएमा अनुसन्धान परियोजनाकारलाई दिन बाँकी रकम उपलब्ध गराउन अनुसन्धान केन्द्र बाध्य हुने छैन ।

(ग) म्याद थप गरिएको समयभित्र पनि कुनै भवितव्य वा अन्य कुनै जायज कारणले अनुसन्धाता आफ्नो अनुसन्धान परियोजना सम्पन्न गर्न नसकी समय थप गर्न निवेदन दिन आएमा अनुसन्धान परिषदले उक्त अनुसन्धान परियोजनाका सम्बन्धमा बाँकी रकम भुक्तानी गर्ने वा नगर्ने गरी एक पटकको लागि मात्र बढीमा छ महिनासम्मको लागि समय बढाउने वा उक्त अनुसन्धान परियोजना रद्द गरी अनुसन्धान परियोजनाकारलाई प्रदान गरिएको रकम फिर्ता गर्ने सम्वन्धमा निर्णय गर्न सक्नेछ ।

(घ) अन्तिम पटक थप गरिएको समयभित्र पनि अनुसन्धान प्रतिवेदन पेश हुन नसकेको खण्डमा लिएको रकममा लिएकै दिनदेखि नै वार्षिक १० प्रतिशत हर्जाना समेत थप गरी अनुसन्धान केन्द्रमा बुझाउनु पर्नेछ । यसरी बुझाउनु पर्ने रकम नबुझाएमा सो रकम निजको मासिक तलबबाट कट्टी गरिनेछ ।

(ङ) अनुसन्धान केन्द्रमा प्राप्त भएका अनुसन्धान प्रतिवेदनहरू सामान्यतया विश्वविद्यालयको केन्द्रीय पुस्तकालय तथा अन्य सम्वन्धित निकायमा पठाउनेछ ।

(च) अनुसन्धान प्रतिवेदन प्राप्त भएपछि मूल्याङ्कन गराउन विशेषज्ञ समक्ष पठाइने छ र विशेषज्ञद्वारा प्रतिवेदनमा थपघट गर्नुपर्ने वा सामान्य संशोधन गर्नु पर्ने वा पूरै प्रतिवेदन पुनः लेखन गर्नुपर्ने भन्ने भएमा अनुसन्धानकर्ताले सोही अनुसार कार्य सम्पन्न गरेपछि मात्र निजलाई अन्तिम किस्ताको रकम निकासा दिइनेछ । अनुसन्धान प्रतिवेदन परिमार्जन कार्य सम्पन्न नगरुन्जेल निजलाई विश्वविद्यालयको कुनै पनि निकायबाट अर्को अनुसन्धान कार्य दिइने छैन ।

(छ) अनुसन्धान केद्रमा प्राप्त अनुसन्धान प्रतिवेदन विश्वविद्यालयको सम्पत्ति हुनेछ र विश्वविद्यालयको पूर्व स्वीकृति बिना यसलाई पूरा वा आंशिक कुनै पनि प्रकारले प्रकाशित गर्न पाइने छैन ।



Scanned with CamScanner

सुदूरपश्चिम विश्वविद्यालयमा कम्तीमा दुई जना विशेषज्ञहरूबाट शोधपत्रको मूल्याङ्कन गराइने छ । अनुसन्धान केन्द्रले शोधार्थीहरूबाट प्राप्त शोधपत्रहरू तोकिएका विशेषज्ञहरूबाट मूल्याङ्कन गरी उच्च अंक प्राप्त गर्ने शोधार्थीहरूलाई पुरस्कारका लागि सिफारिस गर्नेछ । शोध प्रस्ताव र शोधपत्रको मूल्यांकनका लागि निम्नानुसारको मूल्याङ्कन समिति रहने छ ।

(क) अनुसन्धान निर्देशक संयोजक

(ख) सम्बन्धित विषय विज्ञ २ जना सदस्य

**४.५ अनुसन्धानमा दिइने रकमको व्यवस्था**

(क) स्वीकृत अनुसन्धान परियोजनाको कार्य सञ्चालन गर्न पहिलो किस्तामा स्वीकृत लागतको ४० प्रतिशत रकम सम्बन्धित अनुसन्धान परियोजनकारसँग करारनामा गरेपछि पेस्की स्वरुप प्रदान गरिनेछ ।

(ख) मस्यौदा अनुसन्धान प्रतिवेदन प्राप्त भएपछि स्वीकृत लागत मध्येबाट दोस्रो किस्ता स्वरुप ३० प्रतिशत रकम पेस्की स्वरुप प्रदान गरिनेछ ।

(ग) पेश गरिएको अनुसन्धान प्रतिवेदन मूल्याङ्कन भई विशेषज्ञको सिफारिस अनुसार परिमार्जन तथा मौखिक प्रस्तुतीकरण (Live Presentation) मा प्राप्त सुझाव अनुसार परिमार्जन गरेपछि तेस्रो वा अन्तिम किस्ता वापत स्वीकृत लागतको बाँकी रकम भुक्तानी दिइनेछ ।

(घ) अनुसन्धानकर्ताको काबू बाहिरको कारणले अनुसन्धान परियोजना कार्य सम्पन्न गर्न असमर्थ भई करारनामा अनुसारको परियोजना सम्पन्न भइसक्नु पर्ने समयभन्दा एक महिना पहिले नै लिएको रकम फिर्ता गर्न आएमा अनुसन्धान बापत लिएको पेस्की रकमभन्दा बढी रकम असुल गरिने छैन ।

**४.६ पारिश्रमिकको व्यवस्था**

(क) अनुसन्धान प्रस्तावको मूल्याङ्कन गर्ने विशेषज्ञलाई प्रति प्रस्ताव रु २,००० (दुई हजार) का दरले पारिश्रमिक दिइनेछ ।

(ख) अनुसन्धानको प्रतिवेदन मूल्याङ्कन वाफत विशेषज्ञलाई प्रति प्रतिवेदन रु ३,५०० (तीन हजार पाँच सय) का दरले पारिश्रमिक दिइनेछ ।

(ग) अनुसन्धान प्रतिवेदन मूल्याङ्कनमा सहभागी भई मूल्याङ्कन गरेवापत विशेषज्ञलाई दैनिक भ्रमण भत्ता उपलव्ध गराइनेछ ।

**४.७ शोधार्थीको आवश्यक योग्यता**

(क) अनुसन्धान, नवप्रवर्तन तथा विकास केन्द्रको कार्यविधिमा उल्लेखित अनुसन्धान तथा कार्यक्रमका लागि योग्यता भएका शिक्षक र कर्मचारीहरू अनुसन्धानका लागि आवेदन दिन योग्य हुने छन् ।

(ख) अनुसन्धानको लागि आवेदन दिने बेलामा अध्ययन, स्वाध्ययन वा बेतलवी विदामा बसेका वा विश्वविद्यालय बाहिर बेतलवी काजमा गएका शिक्षक कर्मचारीहरू अनुसन्धान कार्यका लागि आवेदन दिन योग्य हुने छैनन् ।

(ग) सुदूरपश्चिम विश्वविद्यालयको कुनै पनि सावधिक पदमा पुरा समय काम गर्ने गरी नियुक्त पदाधिकारी अनुसन्धान कार्यका लागि आवेदन दिन योग्य हुने छैनन् । सावधिक पद भन्नाले उपकुलपति, रजिस्ट्रार, डीन, सहायक डीन निर्देशक, परीक्षा नियन्त्रक, सह-नियन्त्रक क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख र विभागीय प्रमुखलाई बुझाउनेछ ।

सुदूरपश्चिम विश्वविद्यालय FAR WESTERN UNIVERSITY Estd. 2010



Scanned with CamScanner

निर्देशक, परीक्षा नियन्त्रक, सह-नियन्त्रक क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख र विभागीय प्रमुखलाई बुझाउनेछ ।

(घ) सुदूरपश्चिम विश्वविद्यालय अनुसन्धान, नवप्रवर्तन तथा विकास केन्द्रको कार्य समितिका सदस्य अनुसन्धान परियोजनाका लागि आवेदन दिन योग्य हुने छैनन् ।

♣♣♣



Scanned with CamScanner